बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः २०८१।०८२ च.नं. राजश्व शाखा/............... मितिः २०८१।०६।१८

## बेसीशहर नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका साना सवारी साधन (अटो) संचालन सम्बन्धी अन्यन्तै जरुरी

# सूचना । सूचना ।। सूचना ।।।

बेसीशहर नगरपालिकाको अनुमति प्राप्त गरी नगरपालिका क्षेत्रभित्र हाल संचालनमा आएका सम्पूर्ण साना सवारी साधन (अटो) हरुको चालु आर्थिक वर्ष २०८१।८२ मा सवारी साधन संचालनको लागि रुट अनुमतिको नवीकरण गरेको नपाइएकोले नवीकरण गर्न बाँकी रहेका सवारी साधनहरुले यही २०८१ आश्विन मसान्तभित्र नवीकरण गर्नुहुन जानकारी गराइन्छ । अन्यथा, "बेसीशहर नगरपालिकाको हलुका सवारी साधन (तिन पांग्रे, चार पांग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०७८" को परिच्छेद ३, दफा १६ (२) अनुसार अनुसार रु. १०,०००।- सम्म जरिवाना तथा उपदफा (३) बमोजिम सवारी साधनको रुट इजाजत खारेज गर्न सक्नेछ भनि उल्लेख भएकोले प्रत्येक आर्थिक वर्षको शुरुमै आफ्नो सवारी साधन नवीकरण गर्नुहुन जानकारी गराइन्छ । साथै, यस कार्यालयमा दर्ता भएका सवारी साधनहरु कार्यालयलाई जानकारी नगराई अनुमति विना अन्य ब्यक्तिको नाममा नामसारी गराएको, अन्यत्र पालिकामा दर्ता भएका अटो (टेम्पो) यस पालिकाभित्र जथाभावी संचालन भएको पाइएमा तथा दर्ता भएको सवारी साधनको स्थानमा आफूखुशी नयाँ सवारी साधन खरिद गरी संचालनमा ल्याएको पाइएमा नियमानुसार कारवाही हुनुका साथै नयाँ सवारी साधनहरुलाई मिति २०८१।०५।०२ को निर्णयानुसार रुट अनुमति प्रदान नगरिने ब्यहोरा समेत जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

...............................................
चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०६६ ५२०१५०।५२०२०४
Website: www.besishaharmun.gov.np
"हामी सबैको रहर - सभ्य र समृध्द बेसीशहर"
Email: mun.besishahar@gmail.com
besishaharmunicipality@gmail.com